रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रत्ननगर, चितवन

"कृषि मूलश्चः जीवनम्"

**रत्ननगर कृषि क्यालेण्डर**




## वैशाख महिनामा गरिने केही प्रमुख कृषि कर्महरू

### खेतीपाती

- चैते धानलाई गोडमेल गरी सिँचाई र युरिया मल दिने।
- धान खेतको उर्वराशक्ति सुधार्न गहुँ काटिसकेपछि प्रति हेक्टर ५० के.जी. का दरले ढैंचा छरेर हरियो मल बनाउने।
- सदाबहार फलफूल बगैंचा स्थापनाको लागि रेखाङ्कन, खाडल तयारी, मल र माथिल्लो सतहको माटो मिसाई पुर्ने।
- उच्च पहाडी क्षेत्रमा ओखले -१ र काभ्रे जातको उन्नत कोदोको व्याड राख्ने।
- पहाडी क्षेत्रमा मकै खेतीमा गोडमेल तथा मलज लको व्यवस्था मिलाउने।
- अन्न भण्डारमा लाग्ने रागे र कीरा नियन्त्रण गर्न नीम, टिमुर, बोभ्मो, तितेपाती, तोरीको तेल प्रयोग गर्ने।
- तराई, भित्री मधेश र वेशीतिर वर्षे मकै छर्न शुरु गर्ने।

### पशुपालन

- पशुहरुको आहारमा पोषिलो हरियो घाँसको मात्रा बढाउन टियोसेन्टी, जुनेली, सुडान, बाजरा, दिनानाथ आदि घाँसको बीउ छर्ने।
- भ्यागुते र चरचरे रोग फैलिने समय भएकोले रोग बारे सतर्क रही नियन्त्रणको लागि आवश्यक व्यवस्था मिलाउने।

## वैशाख २०७९ — April/May 2022

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| व्रतबन्ध मुहूर्ता:<br>२३ र २८ गते। | विवाह मुहूर्ता:<br>२,४,६,७,८,९,१०,१४, १९,२०, २१,२६,२७, २८,२९, ३० र ३१गते। | गृहारम्भ मुहूर्ता:<br>५ र ३० गते।<br>गृहप्रवेश मुहूर्ता:<br>१५ गते। | अन्नप्राशन मुहूर्ता:<br>५ र २३ गते। | नयाँ वर्ष<br>त्रयोदशी<br>१<br>महावीर जयन्ती<br>Apr.14 | चतुर्दशी<br>२<br>15 | हनुमान जयन्ती<br>पूर्णिमा<br>३<br>16 |
| प्रतिपदा<br>४<br>17 | द्वितीया<br>५<br>18 | तृतीया<br>६<br>19 | चतुर्थी<br>७<br>20 | छन्द दिवस<br>पञ्चमी<br>८<br>21 | पृथ्वी दिवस<br>षष्ठी<br>९<br>22 | सप्तमी<br>१०<br>23 |
| लोकतन्त्र दिवस<br>अष्टमी<br>११<br>24 | नवमी/दशमी<br>१२<br>25 | बरुथिनी एकादशी<br>१३<br>26 | द्वादशी<br>१४<br>27 | राष्ट्रिय चिया दिवस<br>त्रयोदशी<br>१५<br>28 | चतुर्दशी<br>१६<br>29 | आमाको मुख हेर्ने<br>मातातीर्थ औंशी<br>१७<br>विश्व भेटेरिनरी दिवस<br>30 |
| श्रमिक दिवस<br>प्रतिपदा<br>१८<br>May 1 | द्वितीया<br>१९<br>2 | श्री परशुराम जयन्ती<br>अक्षय तृतीया<br>२०<br>वि.प्रेस स्वतन्त्रता दिवस<br>3 | तृतीया<br>२१<br>4 | चतुर्थी<br>२२<br>5 | पञ्चमी<br>२३<br>6 | NARC Day<br>षष्ठी<br>२४<br>7 |
| वि.रेडक्रस दिवस<br>सप्तमी<br>२५<br>8 | कानून दिवस<br>अष्टमी<br>२६<br>9 | सीता जयन्ती<br>नवमी<br>२७<br>10 | दशमी<br>२८<br>11 | एकादशी<br>२९<br>12 | द्वादशी<br>३०<br>13 | श्री नृसिंह जयन्ती<br>त्रयोदशी<br>३१<br>14 |


फोन: ०५६-५६०५२९, ५६०५०६ | E-mail: agri.ratnanagarmun@gmail.com, ratna.municipal@gmail.com | Website: www.ratnanagarkrishi.gov.np, ratnanagarmun.gov.np


"व्यवसायिक कृषि, पर्यटकीय शहर; स्वच्छ, समृद्ध हाम्रो रत्ननगर"

रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रत्ननगर, चितवन

"कृषि मूलश्चः जीवनम्"

## रत्ननगर कृषि क्यालेण्डर






कृषि प्रविधि अध्ययन अवलोकन भ्रमण

## जेष्ठ महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

**खेतीपाती**

- धानको सिफारिस भएको जातको ब्याड राख्ने।
- मध्य पहाडमा मकै बालीभित्र कोदो रोप्ने।
- फलफूल बगैंचाका बोटबाट अनावश्यक सकरहरु/चोर हाँगाहरु हटाउने।
- सदाबहार फलफूलका बोटहरुमा ढुसी रोगनाशक विषादी छर्ने।
- चैते धानमा पतेरो कीरा लाग्ने सम्भावना हुने भएकोले नियन्त्रण गर्न आवश्यक प्रक्रिया अपनाउने।
- पहाडी क्षेत्रमा हार्डी, सेती, रान्सम र लुम्ले भटमास-१ जातका उन्नत भटमास रोप्ने।
- जुनार, सुन्तला, कागतीको फेद कुहिने रोग नियन्त्रण गर्न बोर्डो पेष्ट लगाउने।

**पशुपालन**

- तराई तथा मध्य पहाडमा बहुवर्षीय घाँसको बीउ छर्ने।
- गाईवस्तुलाई खोरेत रोग विरुद्ध खोप लगाउने।
- गाईवस्तुलाई आन्तरिक परजीवीबाट बचाउन जुकाको औषधी खुवाउने।

## जेष्ठ २०७९ — May/June 2022

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| कूर्म जयन्ती चतुर्दशी १ May 15 | गौतमबुद्ध जयन्ती चण्डी पूर्णिमा २ 16 | प्रतिपदा ३ 17 | द्वितीया/तृतीया ४ 18 | चतुर्थी ५ 19 | पञ्चमी ६ 20 | षष्ठी ७ 21 |
| सप्तमी ८ 22 | अष्टमी ९ 23 | नवमी १० 24 | दशमी ११ 25 | अपरा एकादशी १२ 26 | द्वादशी १३ 27 | त्रयोदशी १४ 28 |
| गणतन्त्र दिवस चतुर्दशी १५ 29 | शनि जयन्ती औंशी १६ 30 | वि.धुम्रपानरहित दिवस प्रतिपदा १७ 31 | दुग्ध दिवस द्वितीया १८ June 1 | तृतीया १९ 2 | चतुर्थी २० 3 | पञ्चमी २१ 4 |
| विश्व वातावरण दिवस षष्ठी २२ 5 | सप्तमी २३ 6 | अष्टमी २४ 7 | नवमी २५ 8 | दशमी २६ 9 | राष्ट्रिय कृषक दिवस निर्जला एकादशी २७ 10 | द्वादशी २८ 11 |
| त्रयोदशी २९ 12 | चतुर्दशी ३० 13 | गौड्डू पूजा पूर्णिमा ३१ 14 | व्रतबन्ध मुहूर्ताः १९ र २७ गते। | विवाह मुहूर्ताः २, ३, ५, ६, १२, १७, २२, २३, २५, २८ र ३१ गते। | गृहप्रवेश मुहूर्ताः १२ र २७ गते। | अन्नप्राशन मुहूर्ताः ६ र १८ गते। |

रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रत्ननगर, चितवन

"कृषि मूलश्चः जीवनम्"

**रत्ननगर कृषि क्यालेण्डर**






धान रोप्ने मेशिन र धानको नर्सरी रत्ननगर–६ चितवन

## असार महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

### खेतीपाती

- धान रोपाई शुरु गर्ने।
- हरियोमल जोतेर एकहप्ता कुहाउने त्यसपछि धान रोप्ने।
- फूलहरु कम फुल्ने भएकोले मौरीलाई चिनी चास्नी दिने।
- सदाबहार वर्गका फलफूल बिरुवा तयार गरी खाडलमा मिलाउने।
- चैते धान थन्काउने।
- भित्री मधेश र तराईमा बागेश्वरी, रामपुर १ जातका रहर रोप्ने।
- उच्च पहाडी भेकमा आलुको बीउ छनौट गर्ने।
- महिनाको अन्ततिर अगौटे काउलीको बीउ अग्लो ब्याडमा पातलो हुने गरी राख्ने।
- वर्षे गोलभेंडा खेती गर्ने ठाउँमा गोलभेंडाको बेर्ना सार्ने।

### पशुपालन

- मध्य पहाडमा बहुवर्षिय नेपीयर घाँसको सेटहरु सार्ने।
- पशुवस्तुमा खोरेत विरुद्ध खोप लगाउने नाम्ले/माटे रोग लाग्न सक्ने हुँदा पुनः एकपटक औषधी खुवाउने।
- धेरै जसो गाईभैंसीहरु ब्याउने समय यही हो। ज्यादै दुब्लापातला माउहरुमा भण्डार फर्कने, साल नझर्ने, ब्याउन कठिन हुने समस्याहरु आउन सक्ने भएकाले पोषिलो घाँस तथा दाना खुवाउने।

## असार २०७९ — June/July 2022

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| व्रतबन्ध मुहूर्तः २ र १७ गते। | विवाह मुहूर्तः ७, १९, २१, २२ र २४ गते। | अन्नप्राशन मुहूर्तः ९, १७ र २२ गते। | प्रतिपदा १ June 15 | द्वितीया २ 16 | तृतीया ३ 17 | चतुर्थी ४ 18 |
| पञ्चमी/षष्ठी ५ 19 | सप्तमी ६ 20 | अष्टमी ७ 21 | नवमी ८ 22 | दशमी ९ 23 | योगिनी एकादशी १० 24 | द्वादशी ११ 25 |
| भूमि पूजा त्रयोदशी १२ 26 | चतुर्दशी १३ 27 | राष्ट्रिय वृक्षारोपण दिवस औंशी १४ 28 | राष्ट्रिय धान दिवस औंशी १५ दहीच्यूरा खाने 29 | प्रतिपदा १६ 30 | द्वितीया १७ July 1 | खेलकुद पत्रकार दिवस तृतीया १८ 2 |
| चतुर्थी १९ 3 | पञ्चमी २० 4 | षष्ठी २१ 5 | सूर्य पूजा सप्तमी २२ 6 | अष्टमी २३ 7 | नवमी २४ 8 | दशमी २५ 9 |
| तुलसी रोपणम् हरिशयनी एकादशी २६ 10 | वि.जनसंख्या दिवस द्वादशी २७ 11 | त्रयोदशी/चतुर्दशी २८ 12 | गुरु (व्यासः) पूजा गुरु पूर्णिमा २९ 13 | प्रतिपदा ३० 14 | द्वितीया ३१ 15 | तृतीया ३२ 16 |


फोनः ०५६-५६०५२९, ५६०५०६ | E-mail: agri.ratnanagarmun@gmail.com, ratna.municipal@gmail.com | Website: www.ratnanagarkrishi.gov.np, ratnanagarmun.gov.np


"व्यवसायिक कृषि, पर्यटकीय शहर; स्वच्छ, समृद्ध हाम्रो रत्ननगर"

रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रत्ननगर, चितवन

"कृषि मूलश्चः जीवनम्"

## रत्ननगर कृषि क्यालेण्डर







नेशनल एग्रिकल्चर हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि., रत्ननगर–१, सौराहाचोक, चितवन

## साउन महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

**खेतीपाती**

- तराई र भित्री मधेशमा धान रोपाईमा निरन्तरता दिने।
- साउने जातको अलैंची टिप्ने।
- तराईमा हरियो मल पल्टाउने कार्य गर्ने।
- बगैंचामा पानीको निकासको राम्रो प्रबन्ध गर्ने।
- बेसी र खोंचमा ड्याङ्ग पारी अगौटे काउली लगाउने।
- वर्षे फलफूल बगैंचामा गोडमेल र सरसफाइ गर्ने।
- मध्य तथा तल्लो पहाडी भेगमा मकै भाँचेपछि ६/७ दिन घाममा सुकाएर मात्र भण्डार गर्ने।
- मध्यपहाडका केही भागमा बारीमा मकै भाचेर वा मकैसँगै कोदो रोप्ने तथा बारीमा भटमास रोप्ने।
- सुन्तला जातको फलफुलमा पात खाने कीरा र पतेरो नियन्त्रण गर्न सिफारिस भएको विषादी छर्ने।
- सुन्तला बोटका हाँगा रोगले कुहिएको भए कुहिएको बोक्राहरु हटाई बोर्डेक्स पेष्ट लगाउने तथा जरा कुहिने समस्या भए चुन र निलोतुथो बराबर मात्रामा मिसाई बनाएको घोलले बोटको वरिपरि छर्ने।
- आँप, लिचि लगायतका फलफूलहरुमा फल टिपिसकेपछि राम्ररी पाकेको गोठेमल प्रति बोट १–२ डोको खाल्टो खनेर माटोमा मिलाउने।
- असारको शुरुमा रोपिएको धानमा यस महिनाको अन्त्यतिर युरिया मल दिने।

**पशुपालन**

- हरियो घाँस बढी भएमा हे र साइलेज बनाएर राख्ने।
- गाई, भैंसीका पाडापाडी, बाच्छाबाच्छीलाई जन्मेको ३/३ हप्ताको उमेरमा जुकाको औषधी खुवाउने।

## साउन २०७९ — July/Aug. 2022

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| चतुर्थी १ July 17 (छुट्टी फाल्ले दिन; गुरिया पर्व) | पञ्चमी २ 18 | षष्ठी ३ 19 | सप्तमी ४ 20 | अष्टमी ५ 21 | नवमी ६ 22 | दशमी ७ 23 |
| कामिका एकादशी ८ 24 | द्वादशी ९ 25 | त्रयोदशी १० 26 | चतुर्दशी ११ 27 | औंशी १२ 28 | प्रतिपदा १३ 29 | द्वितीया १४ 30 |
| तृतीया १५ 31 (बराह जयन्ती; खीर खाने दिन) | चतुर्थी १६ Aug.1 | नाग पञ्चमी १७ 2 (नाग टाँस्ने दिन) | षष्ठी १८ 3 (कल्की जयन्ती) | सप्तमी १९ 4 | अष्टमी २० 5 | नवमी २१ 6 |
| दशमी २२ 7 (मित्रता दिवस) | पुत्रदा एकादशी २३ 8 (भू–संरक्षण दिवस) | द्वादशी २४ 9 (विश्व आदिवासी दिवस) | त्रयोदशी २५ 10 | चतुर्दशी २६ 11 | पूर्णिमा/प्रतिपदा २७ 12 (जनै पूर्णिमा; ऋषितर्पणी) | द्वितीया २८ 13 |
| तृतीया २९ 14 | चतुर्थी ३० 15 | पञ्चमी ३१ 16 | | गृहारम्भ मुहूर्ता: २५ र २८ गते। | | |

फोन: ०५६-५६०५२९, ५६०५०६ | E-mail: agri.ratnanagarmun@gmail.com, ratna.municipal@gmail.com | Website: www.ratnanagarkrishi.gov.np, ratnanagarmun.gov.np

"व्यवसायिक कृषि, पर्यटकीय शहर; स्वच्छ, समृद्ध हाम्रो रत्ननगर"

रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रत्ननगर, चितवन

"कृषि मूलश्चः जीवनम्"

**रत्ननगर कृषि क्यालेण्डर**







व्यवसायिक केरा खेती

## भदौ महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

### खेतीपाती

- धानमा गबारो लागेमा नियन्त्रण गर्ने।
- डम्बरसाई जातको अलैंची टिप्ने।
- धानबालीमा गोडमेल गरी पहिलो टप ड्रेसिङ गरेको २५-३० दिनपछि ६० के.जी./हे. का दरले युरिया मलले दोस्रो ड्रेसिङ गर्ने।
- भदौको दोस्रो हप्तासम्म पाखो बारीमा मकै भाँचेपछि आकाश र प्रकाश जातको बोडी रोप्ने। बीउको लागि छानेको मकै तथा भण्डार गरिएका अन्नहरु एकपटक हेरेर राम्ररी सुकाउने र मेटल बीन वा सुपर ग्रेन व्यागमा राख्ने।
- स्याउको भुवादार लाही किरा नियन्त्रण गर्ने।
- तल्लो पहाडी भेगमा बेमौसमी प्याजको गाना र उत्पादन गर्न प्याजका मसिना दाना (सेट) रोप्ने।
- अगौटे काउली, बन्दाको बेर्ना सार्ने र आवश्यकता अनुसार युरियाले टपड्रेसिङ्ग गर्ने।
- मुला, रायो जस्ता तरकारीको बिउ छर्ने।
- भदौको पहिलो हप्तासम्म मास छरीसक्ने।
- पतझड फलफूलहरुमा फल टिपीसकेपछि राम्ररी पाकेको गोठे मल प्रति बोट १-२ डोको खाल्टो खनेर माटोमा मिसाउने।

### पशुपालन

- गाई, भैंसीलाई भ्यागुते रोग विरुद्ध खोप लगाउने।
- बर्षायाममा भेडा-बाखालाई सुधारिएको गोठ बनाई राख्ने।
- गाई भैंसीहरु समयमा बाली नगएको भए नजिकको पशुसेवा केन्द्रमा सम्पर्क गर्ने।
- जै घाँसलाई केराउसँग मिसाएर छर्ने।

## भदौ २०७९ — Aug./Sept. 2022

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| | | | षष्ठी १ Aug.17 | सप्तमी २ 18 | श्रीकृष्णजन्माष्टमी अष्टमी ३ 19 | नवमी ४ 20 |
| दशमी ५ 21 | एकादशी ६ 22 | अजा एकादशी ७ 23 | द्वादशी ८ 24 | त्रयोदशी ९ 25 | चतुर्दशी १० 26 | कुशे औंशी ११ 27 |
| प्रतिपदा १२ 28 | तीजको दर खाने द्वितीया १३ 29 | हरितालिका तीज तृतीया १४ (महिला बिदा) 30 | चतुर्थी १५ 31 | ऋषिपञ्चमी व्रत पञ्चमी १६ Sept.1 | षष्ठी १७ 2 | सप्तमी १८ 3 |
| अष्टमी/नवमी १९ 4 | दशमी २० 5 | हरिपरिवर्तीनी एकादशी २१ 6 | निजामति सेवा दिवस द्वादशी २२ 7 | शिक्षा दिवस त्रयोदशी २३ 8 | इन्द्रजात्रा चतुर्दशी २४ उपत्यका बिदा 9 | पूर्णिमा २५ 10 |
| सोह्रश्राद्धारम्भः प्रतिपदा २६ 11 | द्वितीया २७ 12 | तृतीया २८ 13 | बाल दिवस चतुर्थी २९ 14 | पञ्चमी ३० 15 | षष्ठी ३१ 16 | |

फोन: ०५६-५६०५२९, ५६०५०६ | E-mail: agri.ratnanagarmun@gmail.com, ratna.municipal@gmail.com | Website: www.ratnanagarkrishi.gov.np, ratnanagarmun.gov.np

"व्यवसायिक कृषि, पर्यटकीय शहर; स्वच्छ, समृद्ध हाम्रो रत्ननगर"

रत्ननगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
रत्ननगर, चितवन

"कृषि मूलश्चः जीवनम्"

**रत्ननगर कृषि क्यालेण्डर**



हाइटेक प्रविधिद्वारा व्यवसायिक तरकारी खेती

## असोज महिनामा गरिने केही प्रमुख कृषि कर्महरू

**खेतीपाती**

- धानबालीमा पतेरोको प्रकोप देखिएमा नियन्त्रण गर्ने, ब्लाष्ट रोगबाट बचाउन बाला निस्कनु अगावै १ पटक र त्यसको ७ देखि १० दिनपछि अर्को पटक सिफारिस विषादीको प्रयोग गर्ने देखि १० दिनपछि अर्को पटक सिफारिस विषादीको प्रयोग गर्ने।
- मास तथा भटमास बालीमा भुसिलकिरा देखिएमा संकलन गरेर नष्ट गर्ने।
- मध्य पहाडमा काउली, ग्याँठगोवी, मुला, सलगम, रायो, स्विसचार्ड, पालुङ्गो, केराउ, चमसुर, लसुन आदि लगाउने।
- तराई र भित्री मधेश क्षेत्रमा असोजको अन्त्यदेखि आलु रोप्न शुरु गर्ने। आलु रोप्नुभन्दा १५–२० दिन पहिले बीउ उज्यालो ठाउँमा पातलो गरी फिजाउनाले मोटा र धेरै टुसाहरु आउँछन् र उत्पादन बढ्छ।
- सदाबहार फलफूलहरुमा गोडमेल र मलजल गरी छापो दिने।
- सुन्तला जात फलफूलमा लाग्ने औंसा कीरा नियन्त्रणको लागि फेरोमोन ट्र्यापको प्रयोग गर्ने तथा चोर हाँगा, सुकेका हाँगा, फेद र जरा कुहिएका बोट भएमा काटेर फाली बोर्डेक्स पेन्ट लगाउने।
- रामसाई, गोलसाई जातका अलैंची टिप्ने।
- शरदकालिन उखुको लागि जग्गा तयार गर्ने।
- मध्य पहाडमा कुफ्रिज्योति, एन.पि.आई. १०६, डेजिरे, कार्डिनल र तराईमा कुफ्रि सुन्दरी, कार्डिनल जातका आलु लगाउने।

**पशुपालन**

- जै घाँस र केराउको मिश्रण तथा चरनको लागि उपयुक्त बहुवर्षीय घाँस कक्सफुट, ह्वाईट क्लोभर आदि घाँस छर्ने।
- बाख्रालाई शरीरको वजन अनुसार जुका, चुर्नाको औषधी खुवाई प्रभावकारी नियन्त्रण गर्ने।
- भर्खर ब्याएका वा दुहुना गाईभैंसीमा थुनेलो रोग लाग्न सक्ने भएकाले यसबाट बच्नको लागि उचित उपाय गर्ने र रोग लागिहालेमा नजिकको पशु स्वास्थ्य केन्द्रमा सम्पर्क गरी उपचार गर्ने।

## असोज २०७९ — Sept./Oct. 2022

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| विश्व खाद्य दिवस<br>षष्ठी ३० 16 | सप्तमी ३१ 17 | | | | | विश्वकर्मा पूजा<br>सप्तमी १ Sept.17 |
| जितिया पर्व<br>अष्टमी २ 18 | संविधान दिवस<br>नवमी ३ 19 | दशमी ४ 20 | वि.शान्ति दिवस<br>इन्दिरा एकादशी ५ 21 | द्वादशी ६ 22 | त्रयोदशी ७ 23 | चतुर्दशी ८ 24 |
| पितृ विसर्जन<br>औंशी ९ 25 | घटस्थापना / नवरात्रारम्भ<br>प्रतिपदा १० 26 | द्वितीया ११ 27 | विश्व रेबिज दिवस<br>तृतीया १२ 28 | चतुर्थी १३ 29 | पञ्चमी १४ 30 | षष्ठी १५ Oct.1 |
| फूलपाती<br>सप्तमी १६ 2 | महाअष्टमी<br>महाअष्टमी १७ 3 | पशुपन्छी दिवस<br>महानवमी १८ 4 | विजया दशमी १९ 5 | पापाङ्कुशा एकादशी २० 6 | द्वादशी/त्रयोदशी २१ 7 | चतुर्दशी २२ 8 |
| कोजाग्रत पूर्णिमा २३ 9 | प्रतिपदा २४ 10 | द्वितीया २५ 11 | तृतीया २६ 12 | चतुर्थी २७ 13 | अण्डा दिवस<br>पञ्चमी २८ 14 | षष्ठी २९ 15 |

फोन: ०५६-५६०५२९, ५६०५०६ | E-mail: agri.ratnanagarmun@gmail.com, ratna.municipal@gmail.com | Website: www.ratnanagarkrishi.gov.np, ratnanagarmun.gov.np

"व्यवसायिक कृषि, पर्यटकीय शहर; स्वच्छ, समृद्ध हाम्रो रत्ननगर"

# रत्ननगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
रत्ननगर, चितवन

"कृषि मूलश्चः जीवनम्"

**रत्ननगर कृषि क्यालेण्डर**



बेमौसमी बर्षाको कारण धान क्षती भएका किसानलाई प्रति कठ्ठा रू. ५०० राहत वितरण

## कातिक महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

**खेतीपाती**

- हिउँदे पतझड फलफूलको नयाँ बगैंचा स्थापना गर्नको लागि रेखाङ्कन गर्ने, खाडल खन्ने र सतहको माटो र मल मिसाई पुर्ने।
- प्रमुख खाद्यान्न बाली धान थन्क्याउने।
- गहुँ लगाउने जग्गाको तयारी गर्ने, अगौंटे काउली, बन्दा आदि बालीमा टप ड्रेसिङ्ग गर्ने।
- धान बारी भित्र चना, केराउ र मुसुरो छर्ने र छिटो पाक्ने धानबाली थन्क्याउने व्यवस्था गर्ने।
- उच्च पहाडमा तुषारोले नर्सरीका कलिला बेर्नाहरु मर्न सक्ने हुँदा नर्सरीमा प्लाष्टिकको छहारी दिने।
- तराई, भित्री मधेश तथा पहाडका बेसीहरुमा तोरी छर्ने।

**पशुपालन**

- हिउँदमा हरियो घाँस उत्पादन गर्न राइजोवियमले बीउ उपचार गरी बरसिम छर्ने र अन्य जै, भेच लगायतका घाँसको बीउ छर्ने।
- पशुहरुमा भ्यागुते, चरचरे आदि रोग विरुद्ध पुनः खोप लगाउने।
- माटे, नाम्लेको औषधी खुवाएको ४/५ महिना पुगिसकेको वस्तुलाई नाम्लेको औषधी दोहोऱ्याउने।

## कार्तिक २०७९ — Oct./Nov. 2022

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| | | अष्टमी १ Oct.18 | नवमी २ 19 | दशमी ३ 20 | रमा एकादशी ४ 21 | द्वादशी ५ 22 |
| त्रयोदशी ६ 23 काग तिहार | चतुर्दशी ७ 24 कुकुर तिहार, लक्ष्मी पूजा | औंशी ८ 25 खण्डग्रास सूर्य ग्रहण, गाई तिहार | प्रतिपदा ९ 26 गोबर्द्धन पूजा, म्ह: पूजा, ने.सं. ११४३ प्रारम्भ | द्वितीया १० 27 भाइ टीका | तृतीया ११ 28 | चतुर्थी १२ 29 |
| पञ्चमी/षष्ठी १३ 30 छठ पूजा | सप्तमी १४ 31 | अष्टमी १५ Nov.1 | नवमी १६ 2 | दशमी १७ 3 | हरिबोधिनी एकादशी १८ 4 तुलसी विवाह | द्वादशी १९ 5 |
| त्रयोदशी २० 6 | चतुर्दशी २१ 7 | पूर्णिमा २२ 8 गुरु नानक जयन्ती | प्रतिपदा २३ 9 | द्वितीया २४ 10 | तृतीया २५ 11 फाल्गुनन्द जयन्ती | चतुर्थी २६ 12 |
| पञ्चमी २७ 13 | षष्ठी २८ 14 वि.मधुमेह दिवस | सप्तमी २९ 15 | अष्टमी ३० 16 | | | |

फोन: ०५६-५६०५२९, ५६०५०६ | E-mail: agri.ratnanagarmun@gmail.com, ratna.municipal@gmail.com | Website: www.ratnanagarkrishi.gov.np, ratnanagarmun.gov.np

"व्यवसायिक कृषि, पर्यटकीय शहर; स्वच्छ, समृद्ध हाम्रो रत्ननगर"

रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रत्ननगर, चितवन

"कृषि मूलश्चः जीवनम्"

**रत्ननगर कृषि क्यालेण्डर**




## मंसिर महिनामा गरिने केही प्रमुख कृषि कर्महरू

**खेतीपाती**

- बजारको अवस्था हेरी सुन्तला जातका फलफूलहरु टिप्ने र समुचित ढङ्गले ग्रेडिङ एवं भण्डार गर्ने।
- तराईमा गहुँ छरि सक्नु पर्ने र किम्बुको नर्सरी राख्ने।
- पहाडमा गहुँ छरेको २०/३० दिनभित्र युरियाले टप ड्रेसिङ गरी सिंचाइ गर्ने।
- तराईमा प्लाष्टिक टनेलभित्र बेमौसमी तरकारी, भेडेखुर्सानी, काँक्रो आदि लगाउने।
- प्रमुख खाद्यान्नबाली धान राम्रोसँग पाकेपछि काट्ने र सुकाएर भण्डारण गर्ने।
- तराईमा माछा पोखरीमा ई.यू.एस. रोग देखा पर्न सक्ने भएकाले रोग नियन्त्रणका उपाय अपनाउने।

**पशुपालन**

- असोजमा छरेको जै घाँस काटी युरिया टप ड्रेस गरी सिंचाई गर्ने।

## मंसिर २०७९ | Nov./Dec. 2022

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| | विवाह मुहूर्त: ११, १२, १६, १७, २२, २३, २७ र २८ गते। | गृहारम्भ मुहूर्त: १४, १७ र २३ गते। | | राष्ट्रिय कफी दिवस; नवमी १ Nov.17 | दशमी २ 18 | दशमी ३ 19 |
| उत्पत्तिका एकादशी ४ 20 | द्वादशी ५ 21 | बाला चतुर्दशी; त्रयोदशी/चतुर्दशी ६ 22; शतबीज छर्ने | औंशी ७ 23 | प्रतिपदा ८ 24 | द्वितीया ९ 25 | तृतीया १० 26 |
| चतुर्थी ११ 27 | विवाह पञ्चमी; पञ्चमी १२ 28 | षष्ठी १३ 29 | सप्तमी १४ 30 | विश्व एड्स दिवस; अष्टमी १५ Dec.1 | नवमी १६ 2 | वि. अपाङ्गता दिवस; दशमी १७ 3 |
| गीता जयन्ती; मोक्षदा एकादशी १८ 4 | विश्व माटो दिवस; द्वादशी १९ 5 | त्रयोदशी २० 6 | दत्तात्रेय जयन्ती; चतुर्दशी २१ 7 | उधौली पूजा; धान्य पूर्णिमा २२ 8 | प्रतिपदा २३ 9 | वि. मानवाधिकार दिवस; द्वितीया २४ 10 |
| तृतीया २५ 11 | चतुर्थी २६ 12 | पञ्चमी २७ 13 | षष्ठी २८ 14 | सप्तमी २९ 15 | | |

फोन: ०५६-५६०५२९, ५६०५०६ | E-mail: agri.ratnanagarmun@gmail.com, ratna.municipal@gmail.com | Website: www.ratnanagarkrishi.gov.np, ratnanagarmun.gov.np

"व्यवसायिक कृषि, पर्यटकीय शहर; स्वच्छ, समृद्ध हाम्रो रत्ननगर"

रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रत्ननगर, चितवन


"कृषि मूलश्चः जीवनम्"

## रत्ननगर कृषि क्यालेण्डर



पि.बि.एस. दाना आलुबाट बिउ उत्पादन, रत्ननगर १४, चितवन

## पौष महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

### खेतीपाती

- हिउँदे आलुलाई उकेरा दिई सिंचाई गर्ने र माथिल्लो क्षेत्रमा वर्षे आलु रोप्ने तयारी गर्ने।
- तल्लो पहाडी भेक र तराईमा प्याज रोप्ने।
- आलु, गोलभेडालाई डढुवा रोगबाट बचाउन सिफारिस गरिएको विषादी छर्ने।
- असोज–कार्तिकमा लगाईएको हिउँदे मकैलाई गोडमेल गरी सिँचाई गर्ने।
- गहुँ छरेको २१/२५ दिनभित्र पहिलो सिंचाई गरी युरिया ३ के.जी. प्रति रोपनीको दरले प्रयोग गर्ने।
- मसुरो बालीमा झारपात हटाई सिंचाई गर्ने।
- काउली, बन्दा वर्गको तरकारी लगाउँदा माटोमा बोरेक्स नमिसाएको भए २ ग्राम बोरेक्स/लि. पानीमा मिसाई स्प्रे गर्ने।
- बेमौसमी तरकारी काँक्रो, फर्सी, लौका उत्पादन गर्नको लागि प्लाष्टिक टनेलमा बेर्ना जमाउने।
- सुन्तला र जुनारमा कलमी गर्ने।
- पतझड फलफूलमा काँटछाँट गर्ने, मौरीलाई चिसोबाट बचाउने र आवश्यक भएमा चिनी चास्नी दिने।

### पशुपालन

- छिटो बढ्ने डाले घाँसको कटिङ्ग सार्ने।
- जाडोको समयमा मनतातो कुँडोसँग खनिज मिसाएर खुवाउने तथा निश्चित मात्रामा नून दिने। वर्षायाममा हरियो घाँसबाट बनाएको साइलेज खुवाउन शुरु गर्ने।
- पशुवस्तुलाई चिसोबाट जोगाउन गोठलाई सुकेको ढोड, कोदोको नल वा गहुँको छ्वालीले बेर्ने।

## पौष २०७९ — Dec.'22/Jan. 2023

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| | | | | | अष्टमी १ Dec.16 | नवमी २ 17 |
| दशमी ३ 18 | सफला एकादशी ४ 19 | द्वादशी ५ 20 | त्रयोदशी ६ 21 | चतुर्दशी ७ 22 | औंशी ८ 23 | तोल ल्होसार प्रतिपदा ९ 24 |
| क्रिसमस-डे द्वितीया १० 25 | तृतीया ११ 26 | चतुर्थी/पञ्चमी १२ 27 | षष्ठी १३ 28 | सप्तमी १४ 29 | तमु ल्होसार अष्टमी १५ 30 | नवमी १६ 31 |
| दशमी १७ Jan.1 | पुत्रदा एकादशी १८ 2 | द्वादशी १९ 3 | त्रयोदशी २० 4 | चतुर्दशी २१ 5 | श्रीस्वस्थानीव्रतारम्भः पूर्णिमा २२ 6 | प्रतिपदा २३ 7 |
| द्वितीया २४ 8 | द्वितीया २५ 9 | तृतीया २६ 10 | राष्ट्रिय एकता दिवस चतुर्थी २७ पृथ्वी जयन्ती 11 | पञ्चमी २८ 12 | षष्ठी २९ 13 | सप्तमी ३० 14 |

रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रत्ननगर, चितवन

"कृषि मूलश्चः जीवनम्"

**रत्ननगर कृषि क्यालेण्डर**



व्यवसायिक तोरी खेती

## माघ महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

### खेतीपाती

- गहुँ बालीमा सिंचाइ गर्ने र दोस्रो टप ड्रेस गर्ने।
- फलफूलमा काँटछाँट गर्ने, मलखाद दिने, सिंचाई गर्ने र फेदमा छापो राख्ने।
- हिउँदे मकै गोडमेल गरी युरियाले टप ड्रेसिङ्ग गर्ने।
- आलु र ताजा तरकारीको बजार व्यवस्थापनमा ध्यान दिने।
- बसन्ते मकै लगाउन जग्गाको तयारी गर्ने, तराई र भित्री मधेशमा लगाईएको आलु भित्र्याउने।
- माघको दोस्रो हप्तादेखि उखु रोप्नु शुरु गर्ने।
- तोरीको कोसाहरु केही सुक्न र पहेलिन थालेपछि काट्ने र चाङ्ग मिलाई राख्ने।
- तराईमा रामतोरीया, घिरौंला, करेला, बेसी र खोचमा सिमी, बोडी, गोलभेंडा, खुर्सानी र मध्य पहाडमा ब्रोकाउली, बन्दा, पालुङ्गो, सिमी, बोडी, लगाउने।

### पशुपालन

- दुधालु पशुलाई जै, बर्सिम आदि हरियो घाँस नल वा परालसँग मिसाएर खुवाउने।
- पशुवस्तुलाई चिसोबाट जोगाउन गोठलाई न्यानो पार्ने।

## माघ २०७९ — Jan./Feb. 2023

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| माघे (मकर) संक्रान्ति; माघी पर्व; अष्टमी १ Jan.15 | भू-कम्प सुरक्षा दिवस; नवमी २ 16 | दशमी ३ 17 | षट्तिला एकादशी ४ 18 | द्वादशी ५ 19 | त्रयोदशी/चतुर्दशी ६ 20 | औंशी ७ 21 |
| सोनम ल्होसार; प्रतिपदा ८ 22 | द्वितीया ९ 23 | तृतीया १० 24 | चतुर्थी ११ 25 | सरस्वती पूजा; श्री पञ्चमी १२ 26 | षष्ठी १३ 27 | सप्तमी १४ 28 |
| अष्टमी १५ 29 | शहीद दिवस; नवमी १६ 30 | दशमी १७ 31 | भीमा एकादशी १८ Feb.1 | द्वादशी १९ 2 | त्रयोदशी २० 3 | चतुर्दशी २१ 4 |
| श्रीस्वस्थानीव्रतसमाप्तिः; पूर्णिमा २२ 5 | प्रतिपदा २३ 6 | द्वितीया २४ 7 | तृतीया २५ 8 | चतुर्थी २६ 9 | पञ्चमी २७ 10 | षष्ठी २८ 11 |
| सप्तमी २९ 12 | | | विवाह मुहूर्ता: ११, १२, १३, १८, २५, २६ र २७ गते। | गृहप्रवेश मुहूर्ता: ४ र १३ गते। | | |

फोन: ०५६-५६०५२९, ५६०५०६ | E-mail: agri.ratnanagarmun@gmail.com, ratna.municipal@gmail.com | Website: www.ratnanagarkrishi.gov.np, ratnanagarmun.gov.np

"व्यवसायिक कृषि, पर्यटकीय शहर; स्वच्छ, समृद्ध हाम्रो रत्ननगर"

रत्ननगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

रत्ननगर, चितवन

"कृषि मूलश्चः जीवनम्"

**रत्ननगर कृषि क्यालेण्डर**




गोबर मल वितरण प्रति टेलर रू. १५०० अनुदान

## फागुन महिनामा गरिने केही प्रमुख कृषि कर्महरू

**खेतीपाती**

- मध्य तथा तल्लो पहाडी क्षेत्रमा सिफारिस गरिए अनुसार उन्नत जातको मकै छर्ने।
- केराको तरबार पाते सकरहरु छनौट गरी रोप्ने।
- सुन्तला, केरा र अन्य फलफूलको बोटमा मल राखी सिंचाई गर्ने र छापो राख्ने।
- तराईमा मौरी गोला छुट्याउने।
- तराई, बेसी र खोँचहरुमा रामतोरीया, सिमि, बोडी तथा लहरे तरकारी लगाउने।
- गहुँ खेतमा सिंचाई गर्ने
- सिंचाई सुविधा भएको तराई र बेसीमा चैते धानको बेर्ना तयार गर्न व्याड राख्ने।
- उखु रोपेको ४५ देखि ६० दिनभित्र प्रथम सिंचाई र त्यसपछि २०–२५ दिनको फरकमा वर्षा शुरु नभएसम्म सिंचाई गर्दै जाने।
- उच्च पहाडमा आलु बाली लगाउने।
- पाकेको तोरी उखेली ३–४ दिन घाममा सुकाई उचित भण्डार गर्ने।

**पशुपालन**

- बरसीम,जै आदि घाँस काटी वस्तुलाई खुवाउने र युरियाले टप ड्रेसिङ्ग गरी सिंचाई गर्ने।

## फागुन २०७९ — Feb./Mar. 2023

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| | अष्टमी १ Feb. 13 | नवमी २ 14 | दशमी ३ 15 | विजया एकादशी ४ 16 | द्वादशी ५ 17 | महाशिवरात्री त्रयोदशी ६ 18 |
| प्रजातन्त्र दिवस चतुर्दशी ७ 19 | औंशी ८ 20 | ग्याल्पो ल्होसार प्रतिपदा ९ 21 | द्वितीया १० 22 | तृतीया/चतुर्थी ११ 23 | पञ्चमी १२ 24 | षष्ठी १३ 25 |
| सप्तमी १४ 26 | अष्टमी १५ 27 | नवमी १६ 28 | नवमी १७ Mar.1 | दशमी १८ 2 | आमलकी एकादशी १९ 3 | द्वादशी २० 4 |
| त्रयोदशी २१ 5 | पहाडमा होली चतुर्दशी २२ घोडे पर्व 6 | तराईमा होली पूर्णिमा २३ 7 | नारी दिवस प्रतिपदा २४ 8 | द्वितीया २५ 9 | तृतीया २६ 10 | चतुर्थी २७ 11 |
| पञ्चमी २८ 12 | षष्ठी २९ 13 | सप्तमी ३० 14 | व्रतबन्ध मुहूर्ता: १८ र २५ गते। | विवाह मुहूर्ता: २, ४, १०, २१, २२, २३, २४, २५ र २९ गते। | गृहारम्भ मुहूर्ता: २०, २४ र २५ गते। | |


फोन: ०५६-५६०५२९, ५६०५०६ | E-mail: agri.ratnanagarmun@gmail.com, ratna.municipal@gmail.com | Website: www.ratnanagarkrishi.gov.np, ratnanagarmun.gov.np


"व्यवसायिक कृषि, पर्यटकीय शहर; स्वच्छ, समृद्ध हाम्रो रत्ननगर"

# रत्ननगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
रत्ननगर, चितवन

"कृषि मूलश्चः जीवनम्"

**रत्ननगर कृषि क्यालेण्डर**




मकै रोप्ने मेशिन

## चैत्र महिनामा गरिने केही प्रमुख कृषि कर्महरु

**खेतीपाती**

- चैते धान रोपाई गर्ने, उच्च पहाडी भागमा धानको बीउ राख्न शुरु गर्ने।
- गहुँ, जौ आदि भित्र्याउने र राम्रोसँग सुकाएर भण्डार गर्ने। तराई र भित्री मधेशमा गहुँ काटेपछि मुँगको खेती गर्ने।
- मध्य पहामा फर्सी परिवारका तरकारीहरु, गोलभेंडा, भण्टा, खुर्सानी, भेडेखुर्सानी आदि तरकारीको बेर्ना सार्ने।
- जुकुनी फर्सीलाई फल कुहाउने कीराबाट बचाउन फलको मोटाइ १४ देखि १५ से.मी. हुनासाथ टिप्ने।
- फलफूल बगैंचामा गोडमेल तथा सिंचाई गर्ने र छापो हाल्ने।
- आरुमा लाग्ने पात खुम्चिने रोगबाट बचाउन फूलफुल्न अगावै वा फूल झरिसकेछि ढुसीनाशक विषादीले उपचार गर्ने।
- मकैको बोटहरु छाँटर गोडमेल गर्ने, सिंचाई गर्ने र युरिया टप ड्रेस गर्ने।
- वर्षे आलुलाई गोडमेल गरी उकेरा दिने र तरकारी बालीमा रोगकीरा नियन्त्रण गर्ने तर्फ ध्यान दिने।
- पहाडको तल्लो र मध्ये भेगमा केराको विरुवा रोप्ने।

**पशुपालन**

- तराईमा घाँसको लागि मकै र टियोसेन्टी जस्ता बालीहरु रोप्ने।
- भ्यागुते, चरचरे र खोरेत रोग लाग्न सक्ने भएकोले बेलैमा सचेत हुनुपर्ने।
- तराई र भित्री मधेश क्षेत्रमा नाम्ले परजीविको आक्रमणबाट पशुहरुलाई बचाउन यसको रोकथाममा ध्यान दिने।

## चैत्र २०७९

## Mar./Apr. 2023

| आइतबार SUN | सोमबार MON | मङ्गलबार TUE | बुधबार WED | बिहीबार THU | शुक्रबार FRI | शनिबार SAT |
|---|---|---|---|---|---|---|
| | व्रतबन्ध मुहूर्ताः ९ गते। | | अष्टमी १ Mar.15 | नवमी २ 16 | दशमी ३ 17 | एकादशी/द्वादशी ४ 18 |
| त्रयोदशी ५ 19 | चतुर्दशी ६ 20 | औंशी ७ 21 | विश्व जल दिवस प्रतिपदा ८ 22 | द्वितीया ९ 23 | विश्व क्षयरोग निवारण दिवस तृतीया १० 24 | चतुर्थी ११ 25 |
| पञ्चमी १२ 26 | षष्ठी १३ 27 | सप्तमी १४ 28 | चैते दशैं अष्टमी १५ 29 | श्रीराम जयन्ती राम नवमी १६ 30 | दशमी १७ 31 | कामदा एकादशी १८ Apr.1 |
| द्वादशी १९ 2 | राष्ट्रिय सहकारी दिवस द्वादशी २० 3 | महावीर जयन्ती त्रयोदशी २१ 4 | चतुर्दशी २२ 5 | पूर्णिमा २३ 6 | प्रतिपदा २४ 7 | द्वितीया २५ 8 |
| तृतीया २६ 9 | चतुर्थी २७ 10 | पञ्चमी/षष्ठी २८ 11 | सप्तमी २९ 12 | अष्टमी ३० 13 | | |


फोन: ०५६-५६०५२९, ५६०५०६ | E-mail: agri.ratnanagarmun@gmail.com, ratna.municipal@gmail.com | Website: www.ratnanagarkrishi.gov.np, ratnanagarmun.gov.np


"व्यवसायिक कृषि, पर्यटकीय शहर; स्वच्छ, समृद्ध हाम्रो रत्ननगर"